

# मानबीरे सुनार हत्या सम्बन्धी घटना

## स्थलगत अध्ययन प्रतिवेदन

जुविथा गाविस वडा नं. ४ माइधारा, कालिकोटका ३१ बर्षीय मानबीरे सुनार सोही गाउँका दीपबहादुर शाही र मीनबहादुर शाही आफ्नै साथीहरु बीच रक्सी खाई २०६८ मंसिर २४ गते राति ८ बजे जसबीर शाहीको पसलमा विवाद हुँदा दीपबहादुर शाही र मीनबहादुरको कुटाईबाट सख्त घाइते भएका मानबीरे सुनारको २०६८ मंसिर २५ गते उपचार गराउन सदरमुकाम मान्म ल्याउँदा राति जनप्रिय होटलमा मृत्यु भएको थियो ।

**प्रतिवेदक**
भजन चौधरी
बरिष्ठ अधिकृत
इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्ज

## पृष्ठभूमि

जुविथा गाउँ विकास समिति वडा नं. ४ माइधारा, कालिकोटका ३१ बर्षिय मानबीरे सुनार र उनकै नजिकका साथीहरु ४१ बर्षिय दीपबहादुर शाही र ३० वर्षिय मीनबहादुर शाही बीच जसबीर शाहीको पसलमा २०६८ मंसिर २४ गते राती करिब ८ बजे आपसमा विवाद भएको थियो । विवाद वढ्दै गएपछि दीपबहादुर शाही र मीनबहादुर शाहीको कुटाईबाट शख्त घाइते भएका मानबीरे सुनारको २०६८ मंसिर २५ गते थप उपचार गराउन सदरमुकाम मान्म ल्याएको बेला उपचार नहुँदै जनप्रिय होटलमा राति सुनारको मृत्यु भएको थियो ।



*आफ्नै साथीहरु दीपबहादुर शाही र मीनबहादुर शाहीको कुटाईबाट मृत्यू भएका मानबीरे सुनार*

उक्त घटनाको बारेमा सञ्चारमाध्यमहरुमा प्राथमिकताका साथ समाचार सम्प्रेषण भएपछि घटनाको सम्बन्धमा स्थलगत अध्ययनका लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्जको टोली २०६८ पुस १ गते घटना स्थलतर्फ प्रस्थान गरेको थियो । उक्त घटनाको सम्बन्धमा सत्य-तथ्य बुझ्न कालिकोट जिल्लाका राजनीतिक दल, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, अधिकारकर्मी, सञ्चारकर्मी, कानून व्यवसायी, पीडित, घटनाका अभियुक्त, प्रत्यक्षदर्शी लगाएतका सरोकारवालाहरुसंग भेटघाट तथा छलफल गरिएको थियो । घटनासंग सम्बन्धित तथ्यहरु, सरोकारवालाहरुको भनाई, पीडित तथा प्रत्यक्षदर्शीका भनाई, निश्कर्ष र सुझावहरु यस प्रतिवेदनमा समेटिएको छ ।

## घटना अध्ययनको उद्देश्य

- घटनाको सत्य, तथ्य /बास्तविकता अध्ययन गर्न ।
- घटनाको बारेमा विभिन्न सरोकारवालाहरुको राय बुझ्न ।

घटना अध्ययन मिति : २०६८ पुस १ देखि ७ गते सम्म ।

## अध्ययन टोलीका सदस्यहरु

१. भजन चौधरी - वरिष्ठ अधिकृत, इन्सेक, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज
२. कालीबहादुर मल्ल - इन्सेक, जिल्ला प्रतिनिधि, कालिकोट

## घटना अध्ययन तरिका

- घटना स्थलको अवलोकन
- पीडित, अभियुक्त तथा सरोकारवालाहरुसंग भेटघाट, छलफल र अन्तरवार्ता
- सञ्चारमाध्यमहरुमा सम्प्रेषित समाचारहरुको अनुगमन

घटना मिति : २०६८ मंसिर २४ गते राति ८ बजे ।

## पीडितको विवरण

| | | |
|---|---|---|
| मृतकको नाम | : | मानबीरे सुनार ( वर्ष ३१ ) |
| जन्ममिति | : | २०३७ श्रावण २ गते |
| परिवार संख्या | : | ५ जना (बुवा, श्रीमति, १ छोरा २ छोरी) |
| बुवाको नाम | : | बीरभद्वे सुनार ( वर्ष ७३ ) |
| श्रीमतिको नाम | : | हरिशोभा सुनार (वर्ष १८ कान्छी श्रीमति) श्री सत्यदेवी उमावि जुविथामा कक्षा ९ मा अध्ययनरत |
| छोरा/छोरीहरु | : | बिमला सुनार ( वर्ष ८) श्री सत्यदेवी उमावि जुविथामा कक्षा ५ मा अध्ययनरत<br>मुकेश सुनार ( वर्ष ६) श्री सत्यदेवी उमावि जुविथामा कक्षा ३ मा अध्ययनरत<br>अनिशा सुनार ( वर्ष ३ ) |
| राजनीतिक संलग्नता | : | जुविथा गाउँ कमिटि सदस्य, एकिकृत नेकपा (माओवादी), कालिकोट |

## अभियुक्तहरुको विवरण :

दीपबहादुर शाही (वर्ष ४१)
ठेगाना : जुबिथा-४ माइधारा, कालिकोट
राजनीतिक संलग्नता : जिल्ला कमिटि सदस्य, एकिकृत नेकपा (माओवादी), कालिकोट
मीनबहादुर शाही (वर्ष ३०)
ठेगाना : जुबिथा-४ माइधारा, कालिकोट
राजनीतिक संलग्नता : जुबिथा गाउँ कमिटि सदस्य, एकिकृत नेकपा (माओवादी) कालिकोट

## घटनाको बारेमा प्रत्येक्षदर्शी तथा सरोकारवालाहरुको भनाई

**दुर्गालाल ढकाल- प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कालिकोट**



२०६८ मंसिर २४ गते राति करिब ८ बजेको घटना हो । बालकुमारी शाहीले मानबीरे सुनारलाई चुलो किन छोएको ? भन्दा विवाद शुरु भएको थियो । हिजोसंगै राँगाको मासु खाने, आज निहु खोज्ने ? तिमीहरु पनि त डुम नै हो भनेर मानबीरे सुनारले भनेपछि विवाद चर्किएको थियो । विवाद बढदै गएपछि मीनबहादुर शाही र दीपबहादुर शाहीले आफ्नै साथी मानबीरे सुनारलाई कुटपीट गरेका थिए । कुटपीटबाट घाइते भएका सुनारको राती ३ बजे पिसाब बन्द भएको थियो । स्थानीय रश्मी मेडिकलमा बिहान ८ बजे सामान्य उपचारपछि कुटपिटमा संलग्न मीनबहादुर शाही, दीपबहादुर शाही, खल्लागाड प्रहरी चौकीका ३ जना प्रहरी र मृतकका बुवा बीरभद्धे सुनार सहित सबैजना ट्रकमा चढि थप उपचारका लागि मान्म आएका थिए । थप उपचार हुन नपाउँदै २०६८ मंसिर २५ गते राति करिब ११.३० बजे जनप्रिय होटलमा सुनारको मृत्यु भएको थियो । सुनारको मृत्युपछि प्रहरीले राति नै मुचुल्का तयार गरेको थियो । पोष्टमार्टमका लागि डाक्टर उपलब्ध नभएपछि पर्सिपल्ट मंसिर २७ गते मात्र मृतक सुनारको पोष्टमार्टम गरिएको थियो । कुटपीटमा संलग्न भएका दीपबहादुर शाही र मीनबहादुर शाहीलाई मंसिर २५ गते राति नै प्रहरीले पक्राउ गरेको थियो । अभियुक्तद्धयलाई कर्तव्य ज्यान मुद्दा चलाई कडा सुरक्षाका बीच जिल्ला प्रहरी कार्यालय कालिकोटमा राखिएको छ । घटना अपराध मात्र नभई जातिय विभेदसंग जोडिएको कारण अभियुक्तहरुलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्न सकिने कुरा प्रमुख जिल्ला अधिकारी ढकालले बताउनु भयो ।

**होमनाथ निरौला- प्रहरी नायव उपरिक्षक, जिल्ला प्रहरी कार्यालय, कालिकोट**



मानबीरे सुनारको घटना अपराधको घटना मात्र नभई विभेदको घटना भएकाले दुःख लागेको छ । मृतक र अभियुक्तहरु द्वन्द्वकालमा राँगा काटेरसंगै बसेर खाने, विभेद अन्त्यका लागि सहभोज गर्ने एउटै पार्टीका मान्छेहरु हुन । हाल आएर पुनः विभेद गर्दा क्षणिक राजनीतिक स्वार्थको नारा मात्र रहेको अनुभूति हुन्छ । सामान्य कुरामा विभेद गरी यस्तो खालको घटना घटनु निन्दनीय कुरा हो । विस्तृत शान्ति सम्झौतापछि पनि प्रगतिशील बिचार राख्ने पार्टी एकिकृत नेकपा (माओवादी)का जिम्मेवार कार्यकर्ताहरु आपसमा विभेद गर्नु राम्रो कुरा होइन । घटनाका अभियुक्तहरु विरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता भएको छ । दीपबहादुर शाही र मीनबहादुर शाही हाल हिरासतमा छन् भने बालकुमारी शाही, जसबहादुर शाही र नन्दबहादुर शाहीलाई दैनिक हाजिरी जमानीमा बिहान १० बजेदेखि ५ बजेसम्म जिप्रकामा उपस्थित गराउने गरिएको छ । यसघटनाको सम्बन्धमा अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ ।

**एटम बीसी- जिल्ला सेक्रेटरी, एकिकृत नेकपा (माओवादी) कालिकोट**

घटनालाई पार्टीले नै अगाडि लैजाने अवस्था छ । विभेदको कुरालाई आन्दोलनको रुपमा उठाउने की चुप लागेर बस्ने ? जटिल अवस्था छ । दलितको क्षेत्रमा कार्यरत संघसंस्थाहरुले पनि घटनाको बारेमा यथार्थपरक ढंगले बुझ्न जरुरी छ । एक्काइसौं सताब्दीमा छुवाछुतको कारणले मान्छेको ज्यान जानु निन्दनीय कुरा हो । यो घटनालाई अपराधको घटना मात्र नभएर सामाजिक विभेदका रुपमा गाँसेर हेर्नु पर्दछ । दोषीलाई कानुनी दायरामा ल्याई कारवाही गर्नु पर्दछ । होटल साहु र साहुनीलाई पनि अनुसन्धानको दायरामा ल्याई कारवाही गरिनु पर्दछ । यो घटना सामाजिक अपराधको गम्भीर प्रकृतिको घटना भएको कारण मानवअधिकारकर्मीले पनि जिम्मेवारढंगले पीडितलाई न्याय र क्षतिपुर्ति दिलाउन लाग्नु पर्दछ । दलित हुनु अपराध हो ? चुलो छुनु अपराध हो ? यो घटनालाई मोड्न खोजिएको छ । यस्ताखालका घटना हुन नदिन छुवाछुत विरुद्ध सामुहिक अभियान र आन्दोलनको आवश्यकता छ ।

**नेशनलविक्रम शाही-उपसचिव, नेकपा (एमाले) जिल्ला कमिटि, कालिकोट**

घटना निन्दनीय छ । एकै पार्टीका कार्यकर्ताहरु बीच आपसी विवादबाट सिर्जित घटना हो । घटना सुनियोजित नभई रक्सी खाएर होस हराएको अवस्थामा घटेको हो । यसमा संलग्न दोषीहरुलाई कानूनी कारवाही गर्नु पर्दछ ।

**कालिबहादुर सहकारी- सभापति, नेपाली काँग्रेस, जिल्ला कार्यसमिति, कालिकोट**



जातिय विभेद मात्र नभई दलितहरु भित्र आन्तरिक विभेद पनि छ । जुविथाको घटना माओवादी कार्यकर्ताहरु रक्सी खाएर आपसी विवादबाट घटेको घटना हो ।

**जसबीर शाही- पसले**



मानबीरे सुनार सधैंजसो घरमा आउने गर्थ्यो । पसलमा बस्ने भान्सामा खाने गर्थ्यो । हाम्रो र उसको बीचमा कुनै पनि खालको विभेद थिएन । चुरोट किनेको हो । तर चुरोट सल्काएको चाँहि होइन ।

**बालकुमारी शाही- पसले**



घरछाउन तीन जनालाई बोलाएका थियौं । मीनबहादुर शाही, दीपबहादुर शाही र नन्दबहादुर शाही बेलुकी काम सकेपछि रक्सी खाइरहेका थिए । अलिअलि मात्र खाना बाँकी थियो । मानबीरे सुनार गाउँबाट रक्सी खाएर आयो । अन्टि चुरोट दिनुस भन्यो । कति चाहियो भन्दा दश रुपियाको चाहियो भन्यो । तल भन्सामा आउनु भने । पाहुनाको लागि ल्याएको चुरोटको प्याकेटबाट दश रुपियाको चुरोट दिए । रक्सी दिनुस भन्यो । रक्सी छैन बाबु सकियो भने । फेरी रक्सी दिनुस भन्यो । बाबु रक्सी छैन पाहुनाको लागि ल्याएको थिएँ, सकियो । उसले म बस्न

पाउन्न भन्यो । किन पाउँदैनस, सधैं त बस्छस क्यारे भनें । घर जा बाबु राति भैसक्यो भनें । बाहिर आँगनमा गएर गाली गर्न थाल्यौ । मलाई डुम ठानेर त होला, बस्न नदिएको ठकुरी खुट्टिएकाहरु भन्दै गाली गर्न थालेपछि मीनबहादुर शाहीले गएर उसलाई समातेर कुटे । त्यसपछि दीपबहादुर शाहीले पनि गएर कुटे । पसले (जसबीर शाही) गएर उठाउन खोज्दा मानबीरे सुनारले उठ्न सक्दिन भन्यो । केहि समयपछि हाम्रो छिमेकी मनसिह शाहीले मानबीरे सुनारलाई ढुंगा थानसम्म पुऱ्याई दिए । कुटपीट भएको केहि समयपछि दीपबहादुर शाही र मीनबहादुर शाही खाना खाईसकेर बसिरहेको बेला जगे सुनार आएर मानबीरे सुनारलाई सन्चो नभएको कुरा बताएपछि कुटपीटमा संलग्न दुबैजना मानबीरे सुनारको घरमा गएका थिए । रातभरी संगै बसे । बिहान दुबै जना आए । कस्तो छ मानबीरेलाई भन्दा ठिकै छ । त्यस्तो केही पनि छैन भने ।

**सुशीला शाही - बालकुमारी शाहीकी छोरी**



दीपबहादुर शाही, मीनबहादुर शाही र नन्दबहादुर शाही हाम्रो घरमा बाउरे (काम सघाउन) आएका थिए । दिनभरी घरको छाना छाए । बेलुकी आमा-बुवाले बाउरेहरुका लागि खरायो काटे, खानासंगै रक्सी पनि खाए । रक्सी खाएको झोकमा विवाद भयो रे । म नुहाउन गएकाले झगडा गरेको देखिन । झगडालु सबै एकै पार्टीका हुन । सबै जना संगै खाने बस्ने गर्थे । पुरानो रिसीइवी थियो भने मलाई थाहा भएन । कार्तिक महिनामा माओवादीहरुले सत्यदेवी उच्चमाविमा सहभोज खाएका थिए । त्यतिबेला पनि तिनीहरु संगै खाने बस्ने गरेका थिए ।

**मनसिंह शाही- प्रत्यक्षदर्शी, स्थानीय गाँऊले**



करिब ८ बजेको थियो । खाना खाएर सुत्ने तरखर गर्दै थिए । हल्लाखल्ला सुनेपछि तल पसलमा झरें । दीपबहादुर शाही, मीनबहादुर शाहीले मानबीरे सुनारलाई कुटिरहेका थिए । झगडा छुट्टाई दिए । त्यसपछि मानबीरे सुनारले घरपुऱ्याई दिन भनेपछि गाउँदेखि माथि ढुंगा देव थानसम्म पुऱ्याई दिएर फर्कें ।

**बीरभद्धे सुनार- मृतक मानबीरे सुनारका बुवा**



छोराको केहि दोष थिएन । एउटै छोरा थियो, उसकै साथीहरुले कुटेर ज्यान लिए । न्याय चाहियो । छोरा मार्नेहरुलाई कारवाही गर्नु पऱ्यो । विरामी मान्छे । बुढेसकालमा दुःख हुने भयो । अब कोही पनि सहारा छैन मेरो ।

**लालसरा चँडारा- मृतक मानबीरे सुनारकी दिदी**



मेरो भाई मानबीरे सुनार पछिको माया गर्ने भाई मीनबहादुर शाही हो र उनीहरुले नै मेरो भाईलाई मारे, सरकारले दोषीलाई सजाय दिनु पर्छ । हामीलाई राहत क्षतिपुर्ति उपलब्ध गराउनु पर्दछ । नत्र हामी सबै झुण्डिएर आत्महत्या गर्छौ । हाम्रो सहारा को छ अब ?  कसको लागि बाँच्ने हामी ?

**जगे सुनार- मानबीरे सुनारको काका**



कुटपीट गर्ने दुबैलाई बालकुमारी शाहीको पसलबाट लिएर आयौं । दीपबहादुर शाहीले बाटोमा कुरा गर्न दिएन मलाई धकेल्दै ल्यायो । घरमा आएर मानबीरे डुम बहाना गर्छस भन्दै गाली गरे । घरमै आएर पनि कुटपीट गरे । मानबीरे मरे हाम्रै कारणले मर्छ । तिमीहरु जाऊ भनेपछि हामी आफ्नो घरमा गयौं । उनीहरु बिहान ५ बजे गए । बिहान ८ बजे रश्मी मेडिकलमा उपचार गरियो । खल्लागाडको प्रहरी पनि आए ।

**पर्व सुनार- मानबीरे सुनारको दाई**



डुम शब्दले विवाद भएर कुटपीट भएको हो । मीन शाही र दीप शाहीले भाईलाई कुटे । उनीहरुलाई लिएर आउनु भनेर भाई मानबीरे सुनारले भनेपछि दुवैलाई राति लिएर आयौं । उनीहरु त्यस रात भाई मानबीरे कै घरमा बसे । बिहान ५ बजे उनीहरु उठेर गएका हुन ।

**हरिशोभा सुनार- मानबीरे सुनारकी कान्छी श्रीमति**



श्रीमान् राती रक्सी खाएर आए । असजिलो भएको छ । मीनबहादुर शाही र दीपबहादुर शाहीले आफुलाई कुटपीट गरेको बताए । छिमेकीहरु जगे सुनार र पर्व सुनारलाई बोलाउन पठाए । उनीहरुले राति कुटपीट गर्ने दुवै जनालाई बोलाएर ल्याए । के भयो तलाई निहु पार्छस भनि श्रीमानलाई तिनीहरुले भने । ल जाउ तिमीहरु, हामी कुर्छौ यसलाई भनेर जगे सुनार र पर्व सुनारलाई सुत्न पठाई दिए । राति फेरी दुवैजनाले श्रीमानलाई कुटपीट गरे । कुटपीटबाट नै मेरो श्रीमानको ज्यान गएको हो । दोषीलाई सजाय हुनु पर्छ ।

**डिलबहादुर शाही- अहेव, उपस्वास्थ्य चौकी, जुविथा**



बिहान करिब ८ बजे तिर मेरो क्लिनिकमा मानबीरे सुनारलाई लिएर आएका थिए । के भएको भनि बुझ्दा तल्लो पेट दुखेको र पिसाब फेर्न गाह्रो भएको बताए । सुनारले वान्ता गरे । वान्ताबाट रक्सी खाएको गन्ध आयो । उनलाई स्लाइन पानी दिएं । पिसाब बाहिर निकाल्नको लागि लिङ्गमा पाइप हाले । पाइप हालेपछि पिसाब खुल्यो । एक बोटल पिसाब बाहिर आयो । रक्सी कहाँ खाएको भनि सोध्दा माथिल्लो गाउँको रंगशाहीको घरमा खाएको उनले बताए । सामान्य उपचारपछि थप उपचारका लागि मान्मा लैजान सल्लाह दिएं । खल्लागाढ प्रहरी चौकीका ३ जना प्रहरी, मानबीरे सुनारका बुवा बीरभद्रे सुनार, कुटपीटमा संलग्न दीपबहादुर शाही र मीनबहादुर शाही एउटै ट्रकमा चढि २०६८ मंसिर २५ गते दिउँसो मान्मा हिंडेका थिए ।

**नन्दबहादुर शाही- प्रत्यक्षदर्शी**



जसबीर शाहीको घरछाउने काम सकाएर बेलुकी रक्सी खाइरहेका थियौं । त्यतिबेला मानबीरे सुनार चुरोट माग्दै आयो । उसले रक्सी खाएको थियो । हामीलाई भान्सामा देखिपछि मलाई पनि रक्सी देउ भन्यो । हामी साथी साथी नै हो त्यो नाताले पनि संगै खानका लागि रक्सी मागेको हुनुपर्छ । साउनी बालकुमारी शाहीलाई भित्र जान्छु अन्टि भनेपछि साउनीले भित्र गएर के गर्छस ? तँ पनि खाएर आएछस म पाहुनाहरुलाई खाना खुवाउन लागेको छुं घर गइजा

तलाई रक्सी बढि लागेको छ भनिन् । त्यसपछि उसले म किन भित्र आउन नपाउने भन्दै साहु जसबीर शाहीको छेउमा बस्यो । साहुले पनि घर जा भने, किन मलाई दलित ठानेर हो रक्सी नदिने ? बस्न नदिने ? भनेर मानबीरेले भन्यो । त्यति भनिसकेपछि साहुले त्यसो होइन हामी सबै दलित हौं, हामी कोहिपनि दलित होइनौ । त्यो भन्दा पहिले हामी सबै उसको घरमा सधैं जाने खाने गरेका थियो । त्यसपछि उसलाई बाहिर पठाइयो । उसको हतौडा (हतियार) भान्सामै छुटेको थियो । उ फर्केर हतौडा लिन आयो । बालकुमारी शाहीले हतौडा दिइन । उ सरासर बाटो लाग्यो । रक्सी खाएको झोकमा होला वा के मुड चल्यो । फेरी फर्केर आयो र आगनमा आएर एकोहोरो गाली गरिरह्यो । त्यसपछि रक्सीले मातेको मीनबहादुर शाही बाहिर गएर मानबीरे सुनारलाई च्याप समातेर भुइमा लडाएर लात्तिले हान्न थाल्यो । त्यसपछि मीनबहादुर शाहीलाई छुट्टयाई दिएँ । पछि फेरी दीपबहादुर शाही गएर कुट्यो । साहु जसबीर शाहीले छुट्टयाएर दीपबहादुर शाहीलाई घरभित्र ल्याए । छिमेकी मनसिंहले मानबीरे सुनारलाई आधा बाटो डाँडासम्म पुऱ्याई दिए ।

**मीनबहादुर शाही- घटनाको आरोपी**



मानबीरे सुनार हाम्रो मिल्ने साथी भएकाले सधैं हाँसोमजाक चलिरहने, कहिले काँही दलित शब्द आइहाल्छ । सबैजनाले रक्सी खाएको तालमा एकले अर्कालाई सहन सकेनौ र कुटपीट भयो । हामी उसको घरमा जाने, खाने, बस्ने गर्थौं । एक महिना पहिले गाउँमै सहभोज गरिएको थियो । दलित, शाही, ठकुरी सबैको सहभागीता थियो । भेदभाव गर्ने कुरै भएन झन हामी त एउटै पार्टीका मान्छे । मानबीरे सुनार र हामी बीच रक्सी खाएको तालमा विवाद भएको हो । उ पनि रक्सी खाएर आएको थियो । सामान्य विवाद पछि कुटपीट भएकै हो ।

**दीपबहादुर शाही- घटनाको आरोपी**



मानबीरे सुनार साथी भएको कारण उसंग हाँसोमजाक चलिरहन्थ्यो । भेट भएको बेला ए डुम आयो भन्ने उसले पनि ए कुसुन्डो भन्थ्यो । अचानक त्यस्तो पर्न गयो । हामीलाई दुःख पाउने ग्रह लागेको रहेछ । सायद उसको तिथि त्यति नै थियो । उसंगै बस्ने, खाने हाम्रो घरमा आउने, हामी पनि उसको घरमा जाने गर्थ्यौं । हामीले उसलाई होच्याउन, दलित भन्ने हाम्रो मान्यता होइन । अब त्यस्तो पर्न गयो ।

**घटनाको तथ्यहरु**

- घटना भएको पसल सानो तीनतले कच्चीघर रहेको (तल्लो तलामा भान्सा रहेको र भान्सामा रक्सी बनाउने भाँडाकुँडा रहेको पाइयो ।
- मृतक मानबीरे सुनार घाइते अवस्थामा आफ्नो घरमा आएपछि श्रीमति हरिशोभालाई छिमेकी काका जगे सुनार र भाई पर्व सुनारलाई बोलाउन पठाएको ।
- मृतकको अनुरोधमा जगे सुनार र पर्व सुनारले अभियुक्तद्वय दीपबहादुर शाही र मीनबहादुर शाहीलाई बोलाएर ल्याएको ।
- अभियुक्तद्वयले मृतकका आफन्त जगे सुनार र पर्व सुनारलाई यो मरे हाम्रो जिम्ममा छ तिमीहरु जाउँ भनि पठाई आफुहरु मानबीरे सुनारकै घरमा बसेको ।
- जगे सुनारले राती १ बजेतिर स्थानीय रश्मी मेडिकलबाट पेट दुख्न कम हुने औषधी ल्याई मानबीरे सुनारलाई खुवाएको ।
- अभियुक्तद्वय दीपबहादुर शाही र मीनबहादुर शाही मृतक मानवीरे सुनारसंग भोली पल्ट बिहान ५ बजेसम्म बसेको ।
- मृतक मानबीरे सुनार र अभियुक्तद्वय दीपबहादुर शाही र मीनबहादुर शाही नजिकका साथीहरु रहेको ।

- स्थानीय गाउँले रंगबहादुर शाहीको घरमा मृतक सुनार मादक पद्धार्थ खाएर आएको ।
- जसबीर शाही र बालकुमारी शाहीको पसलमा मृतक सुनारले दश रुपियाको चुरोट किनेको ।
- बाउरे (घर छाउन) आएका दीपबहादुर शाही, मीनबहादुर शाही र नन्दबहादुर शाहीको लागि जसबीर शाही र बालकुमारी शाहीले खरायो काटि साँझ करिब ७ बजे तिरआफ्नै भान्सामा मदिरा खुवाएको ।
- मृतक मानबीर सुनारले आफूले चुरोट किनिसकेपछि मीनबहादुर शाही समेतका व्यक्तिहरु बसेर मदिरा सेवन गरिरहेको भान्सामा जसबीर शाहीसंगै बसी आफुलाई मदिरा दिनका लागि जसबीर शाहीको श्रीमति बालकुमारी शाहीसंग अनुरोध गरेको ।
- मृतक सुनारले पहिलेनै मादक पद्धार्थ सवेन गरेको कारण बालकुमारी शाहीले मदिरा नदिएको र उनलाई बाहिर जा भनेको ।
- मृतक सुनार रक्सी नखाई बाहिर जाँदिन भनेपछि जसबीर शाहीले जबरजस्ती भान्साको ढोकाबाट बाहिर निकालेको ।
- मृतक सुनारले आफुलाई डुम (कमारो) सम्झि बाहिर निकालेको भनि विवाद गरेको ।
- अभियुक्तद्वय दीपबहादुर शाही र मीनबहादुर शाहीले मृतक सुनारलाई तँ डुम कमारो नै त होस भनेको ।
- मृतक सुनारले म डुम कमारो होइन तिमीहरु डुम कमारा हौ भनि आँगनमा गई भनेको ।
- दुबैपक्ष बीच विवाद चिर्किदैं जाँदा अभियुक्तद्वय मीनबहादुर शाही र दीपबहादुर शाहीले मृतक सुनारलाई आँगनमै कुटपीट गरेको ।
- कुटपीट गर्न थालेपछि जसबीर शाही र नन्दबहादुर शाहीले छुट्टयाई मीनबहादुर शाही र दीपबहादुर शाहीलाई घरभित्र पठाई मृतक मानबीर सुनारलाई घरतर्फ पठाएका
- जसबीर शाहीको छिमेकी मनसिंह शाहीले मृतक मानबीर सुनारलाई घटना स्थलबाट करिब पाँचसय मिटर माथि ढुंगा देवथान सम्म पुऱ्याई फर्केको ।
- मानबीरे सुनार घटनाका प्रत्येक्षदर्शी जसबीर शाही, बालकुमारी शाही, नन्दबहादुर शाही, मनसिंह शाही रहेको ।
- २०६८ कार्तिक २६ गते सत्यदेवी उच्चमावि माईधारामा अभियुक्तहरु लगायत स्थानीय व्यक्तिहरु र मृतक मानबीरे सहित बनभोजमा सहभागी भएको ।
- अभियुक्तहरु र मृतक सुनार एक आपसमा विभेद नराखी घरमा आउने जाने, खाने गरेको कुरा स्थानीय गाउँले नन्दबहादुर शाही, मृतकका बुवा बीरभद्धे सुनार, दिदी लालसरा चडारा, भाई पर्व सुनार, काका जगे सुनार, श्रीमति हरिशोभा सुनारले बताएको ।
- उपस्वास्थ्य चौकी जुविथाका इन्चार्ज डिलबहादुर शाहीले निज मृतक सुनार उपचारका क्रममा निजले वान्ता गर्दा रक्सीको गन्ध आएको र मदिरा सेवनबारे बुझ्दा स्थानीय गाउँले रंग शाहीको घरमा खाएको भनि मानबीरे सुनारले घाइते अवस्थामा बताएको ।
- मृतक मानबीरे सुनार, अभियुक्तद्वय दीपबहादुर शाही, मीनबहादुर शाही, मृतकका बुवा बीरभद्धे सुनार र खल्लागाड प्रहरी चौकीका ३ जना प्रहरी सहित थप उपचारको लागि सदरमुकाम मान्मा आएका ।
- मानबीरे सुनारलाई थपउपचारका लागि जिल्ला अस्पताल पुऱ्याउन नपाऊदै सदरमुकाम स्थिति जनप्रिय होटलमा २०६८ मंसिर २५ गते राती मृत्यु भएको ।
- मृतक सुनारको पोष्टमार्टम २०६८ मंसिर २७ गते भएको ।
- अभियुक्तद्वय दीपबहादुर शाही र मीनबहादुर शाही जिल्ला प्रहरी कार्यालय कालिकोटमा अनुसन्धानको शिलशिलामा थुनामा रहेको ।
- पसलधनी जसबीर शाही र बालकुमारी शाही, स्थानीय प्रत्येक्षदर्शी नन्दबहादुर शाही हाजिर जमानीमा जिल्ला प्रहरी कार्यालय कालिकोटमा अनुसन्धानको क्रममा रहेको ।

## निश्कर्ष तथा सुझाव

- घटना अपराधिक भएका कारण सम्लग्न दोषीहरुलाई कानून बमोजिम अधिक्तम सजाय गरिनु पर्ने ।
- नेपाल सरकारले मृतकका परिवारलाई राहात स्वरुप उपलब्ध गराउने भनिएको १० लाख रुपैया तत्काल उपलब्ध गराईनुपर्ने साथै ०६८ पौष १४ गते पीडितका पक्षमा सरकारले गरेको घोषणाको व्यवहारमा कार्यान्वयन गरिनु पर्ने
- सामाजिक विभेद अन्त्यका लागि स्थानीय प्रशासन, राजनीतिक दल, सामाजिक संघसंस्था, अधिकारकर्मी, सञ्चारकर्मी, कानून व्यवसायी, नागरिक समाजले संयुक्त रुपमा अभियान सञ्चालन गर्नु पर्ने ।
- विभेद अन्त्यका लागि निर्मित प्रचलित कानूनको व्यवहारिक कार्यान्वयनका लागि सरकारी संयन्त्रहरु सक्रिय हुनुपर्ने ।

## अनुसूची- घटनासंग सम्बन्धीत फोटोहरु



घटना भएको गाउँ जुविथा-४ माइधारा, कालिकोट



जुविथा-४ माईधारा स्थित मृतक मानबीरे सुनारको घर



जुविथा-४ माइधारा स्थित जसबीर शाही र बालकुमारी शाहीको घर तथा पसल जहाँ दीपबहादुर शाही, मीनबहादुर शाही र मानबीरे सुनारको बीचमा रक्सी खाएको झोकमा आपसमा विवाद भई कुटपीट भएको थियो ।



जसबीर शाही र बालकुमारी शाहीको भान्सा जुन भान्सामा मानबीरे शाही चुरोट लिन छिरेका थिए ।



मान्ममा आयोजित कालिकोटको मानवअधिकारको वर्तमान अवस्था विषयक अन्तरक्रियाका सहभागीहरु



पसले जसबीर शाही र बालकुमारी शाही



सरोकारवालाहरुसंग घटनाको बारेमा प्रारम्भीक जानकारी लिंदै घटना अध्ययन टोलीका सदस्यहरु

समाप्त